Received Date: Oct. 2022 Revised: Nov. 2022 Accepted: Dec. 2022

# 'सिम्मा' नाटकमा प्रगतिवादी चेतना

**डा. शोभाकुमारी ढुङ्गाना**
**नेपाली विभाग, पाटन सयुक्त क्याम्पस, त्रि. वि**
Email : dhunganashova052@gmail.com
Doi : https://doi.org/10.3126/ppj.v2i2.53174

**लेखसार**

*प्रस्तुत लेखमा व्रतराज आचार्यद्वारा सम्पादन गरिएको आधुनिऽक नेपाली नाटक पुस्तकमा सङ्कलित रायनको 'सिम्मा नाटकमा प्रगतिवादी चेतना' शीर्षकमा केन्द्रित रहेर अध्ययन गरिएको छ । रायनको वास्तविक नाम भक्तबहादुर श्रेष्ठ हो । 'सिम्मा' प्रगतिवादी चेतना भएको गीति नाटक हो । प्रगतिवादलाई मार्क्सवादकै संस्करणका रूपमा लिन सकिन्छ । यो पञ्चायतकालीन सामन्तवादी राजनैतिक सामाजिक व्यवस्थाको पीठिकामा संरचित छ । यसमा पूर्वीऽ नेपालको पहाडी गाउँका श्रमजीवी तथा विपन्न वर्गका किसानहरूका समस्यालाई मार्क्सवादी कोणबाट पर्गेलेर समस्याको समाधान खोजिएको छ । यस नाटकमा एकातिर पूर्वी नेपालको पहाडी गाउँका श्रमजीवी वर्गमाथि साहु महाजन तथा सामन्तहरूद्वारा गरिने वर्गीय शोषण उत्पीडनको चित्रण गरिएको छ भने अर्कोतिर साहुको ऋण तिरी घरको आर्थिक अवस्था सुधार गर्ने र सुख पाउने आसमा विदेसिएका नेपालीहरू माथि पुँजीवादी साम्राज्यवादी शक्तिद्वारा गरिने शोषण र उत्पीडनको चित्रण गरिएको छ । बाबुबाजेदेखि लिएको ऋणलाई व्याजको स्याज गरी चुल्याएपछि आर्थिक अवस्था सुधार गर्नका लागि नाटकको मुख्य पात्र डेङसु पल्टनमा भर्ती भएर विदेश जान बाध्य भएको र आफू विदेश गएपछि साहुले घरबार हडपेर घरको जहान सिम्मालाई नोकर बस्न बाध्य बनाएर अत्याचार गरेको घटनालाई प्रस्तुत गरिएको छ । संसारको जुनसुकै समाज पनि वर्गीय हुन्छ र राज्य पनि वर्गीय हुन्छ । सामन्तवादी व्यवस्थामा श्रमजीवी वर्गलाई शोषण गर्ने साहु मुखियालाई राज्यद्वारा संरक्षण दिइने गरिएको कारण श्रमजीवी किसानहरू उत्पीडनमा परेर विदेशिन बाध्य हुने गरेका हुन्छन् । विदेशमा पनि पुजिँपतिहरूले गरिबहरूलाई शोषण गरेका हुन्छन् । सामाज्यवादी विस्तारवादी शक्तिका श्वार्थका लागि नेपालीहरूले गरिब राष्ट्का आफूजस्तै गरिब मानिसलाई मार्नका लागि रगत बगाउनु पर्ने र ती मान्छे न त कसैका शत्रु हुन् न त विदेश नै आफ्नो हो, त्यसैले विदेशमा गएका सबै नेपालीहरू स्वदेश फर्केर पञ्चायती सामन्ती, राज्य व्यवस्था र गाउँका शोषक सामन्तहरूका विरुद्धमा एकजुट भएर सङ्गठित हुने उद्घोष गरिएको छ । वर्ग सङ्घर्षद्वारा सामन्ती राज्य व्यवस्थालाई जरैदेखि उखेलेर फ्याक्न सकेमा मात्र श्रमजीवी वर्गको जीवनमा परिवर्तन आउन सक्छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** मार्क्सवाद, वर्गसङ्घर्ष, उत्पादनसम्बन्ध, सामन्ती उत्पीडन, साम्राज्यवाद ।

## १. विषय परिचय

रायन ( वि सं २०००) प्रगतिवादी नाटककार हुन् । 'सिम्मा' उनको वि.सं. २०३८ मा लेखिएको गीतिनाटक हो । उनको अर्को गीतिनाटक 'कहानी' १० वर्षको अन्तरालपछि वि.सं. २०४८ मा प्रकाशित भएको छ । यी दुवै कृति 'सिम्मा' शीर्षकमा साझा प्रकाशनबाट २०६६ मा संयुक्त रूपमा प्रकाशित भएका छन् । सङ्गीत क्षेत्रमा विशेष योगदान गरेका रायनको वास्तविक नाम नारायण भक्त श्रेष्ठ हो । सङ्गीत र साहित्य जगत्मा उनी रायनका नामले प्रसिद्ध छन् ।

'सिम्मा' प्रगतिवादी चेतना भएको नाटक हो । जम्मा ७ दृश्यमा संरचित प्रस्तुत नाटक पञ्चायतकालीन सामन्ती सामाजिक व्यवस्थाको कार्यपीठिकामा संरचित छ । यसमा एकातिर श्रमजीवी वर्गमाथि साहु महाजन तथा सामन्तहरूद्वारा गरिने वर्गीय शोषण उत्पीडनको चित्रण गरिएको छ भने अर्कोतिर साहुको ऋण तिरी घरको आर्थिक अवस्था सुधार गर्ने र सुख पाउने आसमा विदेसिएका नेपालीहरू माथि पुँजीवादी साम्राज्यवादी शक्तिद्वारा गरिने शोषण र उत्पीडनको चित्रण गरिएको छ । विपन्न वर्गका महिला तथा श्रमजीवी किसानहरूको समस्यालाई मार्क्सवादकै कोणबाट पर्गेलेर समस्याको समाधान खोजिएको यस लेखमा समाजमा नारीलाई हेर्ने दृष्टिकोण, विपन्न वर्गका किसानरूले भोग्नु परेको वस्तुगत यथार्थ, साहु महाजनको थिचोमिचो, अत्याचारबाट उत्पन्न भएका कारण लाहुर जानुपर्ने बाध्यता, ब्रिटिस साम्राज्यवाद तथा पूँजीवादी विदेशी शक्तिद्वारा नेपालीमाथि गरिने दुर्व्यवहार, दमन उत्पीडनका

अवस्थाहरू के कसरी व्यक्त भएका छन् ? जीवन र जगत् गतिशील र परिवर्तनशील भएकाले आमूल परिवर्तनका लागि सबै प्रकारका शोषण र उत्पीडिनका विरुद्धमा सङ्गठित हुनुपर्दछ भन्ने प्रगतिवादी चेतना कसरी मुखरित रहेको छ ? रायनको 'सिम्मा' नाटकमा प्रगतिवादी चेतना शीर्षकमा केन्द्रित यस शोध लेखमा यिनै प्राज्ञिक जिज्ञासामा केन्द्रित भएर नाटकको अध्ययन गरिएको छ।

## २. अध्ययनको विधि

प्रस्तुत अनुसन्धानका लागि प्राथमिक सामग्रीका रूपमा रायनको गीतिनाटक 'सिम्मा' लाई र सैद्धान्तिक आधारका लागि द्वितीयक स्रोतका रूपमा मार्क्सवादी र प्रगतिवादी साहित्यसम्बन्धी पुस्तक तथा लेखहरूलाई प्रमुख आधार बनाइएको छ । पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ। निगमनात्मक विधिद्वारा प्रगतिवादी चेतनाको सैद्धान्तिक आधार तयार गरिएको छ। यो मात्रात्मक नभएर गुणात्मक शोध हो। यस शोध लेखको अध्ययनमा वर्णनात्मक विश्लेषणात्मक विधि अपनाइएको छ।

## ३. सैद्धान्तिक पर्याधार

अङ्ग्रेजीमा प्रोग्रेसिभिज्म शब्दको नेपाली रूपान्तरण नै प्रगतिवाद हो। प्रगतिवादले मार्क्सवादी सिद्धान्तको अनुसरण गर्दछ । मार्क्सवादको दार्शनिक दृष्टिकोण द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद हो । द्वन्द्वात्मक भौतिकवादले जीवन र जगत् निरन्तर परिवर्तनशील र गतिशील छ भन्ने ठान्दछ । यसैले मार्क्स भन्दछन् "संसारको व्याख्या सबैले गरेका छन् तर मुख्य कुरा संसारलाई कसरी बदल्ने हो।" मार्क्सवादी सौन्दर्य शास्त्र र समालोचना पनि यही संसार बदल्ने एउटा उपक्रम हो। संसार जस्तो सुन्दर हुनुपर्ने हो त्यस्तो छैन त्यसैले यसलाई सुन्दर बनाउनु छ र सुन्दर बनाउनु भनेको यसलाई बदल्नु हो (पाण्डेय, २०७८, पृ. १७१)। द्वन्द्वात्मक भौतिकवादले जीवन र जगत्मा निरन्तर द्वन्द्व भइरहन्छ र पूँजीपति वर्ग र सर्वहारा वर्गको द्वन्द्वमा सर्वहारा वर्गको विजय निश्चित हुन्छ भन्ने मान्यता राख्दछ । प्रगतिवादले सामाजिक जीवनका यथार्थलाई वस्तुगत रूपमा चित्रण गर्दछ । "प्रगतिवादलाई मार्क्सवादकै एउटा साहित्यिक संस्करणका रूपमा लिन सकिन्छ" (जोशी, २०५७, पृ. ५७)। साहित्यमा प्रचलित समाजवादी यथार्थवादलाई पनि प्रगतिवादकै नामले चिनाउने गरिएको पाइन्छ। मार्क्सवादको अर्को प्रमुख मान्यता उत्पादन सम्बन्धद्वारा निर्धारित आर्थिक ढाँचा र वर्ग सङ्घर्ष हो। "मानिसहरू सामाजिक जीवनको उत्पादन प्रक्रियामा त्यस्ता सुनिश्चित सम्बन्धहरूमा बाँधिन्छन् जुन अपरिहार्य हुन्छन्। यी उत्पादनसम्बन्धहरू भौतिक शक्तिहरूको विकासको एक निश्चित चरणका रूपहरू हुन्छन् । यो उत्पादन सम्बन्धको समष्टि नै समाजको आर्थिक ढाँचा हो, वास्तविक जग हो जसमा न्यायिक एवं राजनीतिक आधेय खडा हुन्छ र सामाजिक चेतनाका निश्चित रूपहरू जसको अनुरूप हुन्छन्" (मिश्र, २०७६, पृ. १११)। उत्पादन सम्बन्ध र उत्पादनका साधनद्वारा निर्मित आर्थिक ढाँचाले नै सामाजिक, राजनैतिक, न्यायिक संरचनाको निर्धारण हुन्छ। सामन्ती उत्पादनसम्बन्धले सामन्त र किसानबिच द्वन्द्व हुन्छ भने पुँजीवादी उत्पादन सम्बन्धले पूँजीपति र मजदुरबिच द्वन्द्व हुन्छ।

मार्क्सले सत्ताको आधार र अधिरचना (Base and superstructure) को सिद्धान्त निर्माण गरेका छन्। आधार श्रमिकहरू (जनता) र अधिरचना सत्ता हो। समाजका हरेक अङ्गहरू विज्ञान, कला। धर्म,दर्शन , सामाजिक अस्तित्व सबैका लागि आधार चाहिन्छ। आधारले सङ्घर्ष गरी अधिरचना परिवर्तन गर्छ। अधिरचनाले आधारलाई आफ्नो अनुकुल निर्माण बनाउँछ (बोगटी, २०६०, पृ. १९५)।

वर्ग सङ्घर्षद्वारा अधिरचनाको परिवर्तन हुन्छ। वर्ग सङ्घर्षको अर्थ निम्न वर्ग र उच्च वर्ग अर्थात् सर्वहारा वर्ग र सामन्ती तथा पुँजीपति वर्गबिचको सङ्घर्ष हो। समाजमा रातदिन श्रम गरेर पनि खान नपुग्ने श्रमजीवी भूमिहीन किसान तथा मजुर वर्ग (आधार) र श्रम गर्नेहरूलाई चुसेर खान पल्केका सामन्त तथा पूँजीपति वर्ग (अधिरचनासँग सम्बन्धी) अर्थात् शोषक र शोषित वर्ग गरी समाजमा दुई वर्ग हुन्छन्। शोषक वर्गले सदासर्वदा सामन्त तथा पूँजीपति वर्गको हित हुने गरी नियम कानुन र धर्मको निर्माण गरेको हुन्छ। संसार गतिशील छ, त्यसैले जीवन र जगत्लाई परिवर्तन गर्न सकिन्छ भन्ने मार्क्सवादी विश्वदृष्टिसम्बन्धी चेतनाको अभावमा भाग्य कर्मलाई दोस्दै शोषित वर्ग ठगिइरहेका हुन्छन् । प्रगतिवादी साहित्यले मार्क्सवादी दर्शनका बारेमा जनचेतनाको निर्माण गर्नुका साथै वर्ग सङ्घर्षद्वारा मानव जीवनको आमूल परिवर्तनमा जोड दिन्छ। यसले सर्वहारा वर्गको हित र मुक्तिका लागि आवाज उठाउँदछ। गरिबी, असमानता, पछौटेपन, वैदेशिक हस्तक्षेप, विस्तारवाद, साम्राज्यवाद, दलाल पूँजीवादको अन्त्य उनीहरूको विरोध, राष्ट्रिय स्वाधीनता, देशप्रेम, मानवतावाद, जातीय, क्षेत्रीय, लैङ्गिक विभेदको अन्त्य र उनीहरूको पहिचान र प्रतिनिधित्वका लागि मुखरित भएका साहित्य नै प्रगतिवादी साहित्य हो । "प्रगतिवादी साहित्यले यथार्थ र यथार्थ चेतनाको सम्बन्धलाई बोध गराउने साधनका

अतिरिक्त सामाजिक चेतनाको निर्माण एवं शोषणमा आधारित समाज व्यवस्थामा जीवनको परिवर्तनका माध्यम समेत ठान्दछ (चापागाईं, २०७१, पृ. १५४) । प्रगतिवादी साहित्यले वस्तुगत यथार्थको बोध गराउँदै जीवनको परिवर्तनमा जोड दिन्छ भन्ने कुरा चापागाईंको भनाइबाट पुष्टि हुन्छ । प्रगतिवादले साहित्यिक कृतिमा ईश्वर, भाग्य, कर्म, सामाजिक तथा धार्मिक अन्धविश्वास, कुरीति र कुसंस्कारको विरोध, वस्तुगत यथार्थ र वैज्ञानिक तथ्यमा विश्वास गर्दछ । यसले सामन्ती तथा पूँजीवादी सामाजिक व्यवस्थाको शोषणम, उत्पीडन , विसङ्गति र विकृतिलाई जरैदेखि उखेलेर समानतामूलक सामाजिक, राजनैतिक व्यवस्थाको निर्माणमा जोड दिन्छ ।

प्रगतिशील साहित्य सधै अग्रगमनप्रति विश्वास राख्दछ । यसले साहित्यमा मजदुर, किसान तथा उत्पीडित वर्गलाई प्रमुख पात्रका रूपमा प्रस्तुत गरी उनीहरूद्वारा उत्पीडित वर्गका हित र सामन्ती तथा पूँजीवादी शोषणका विरुद्ध सङ्गठित हुनुपर्छ भन्ने प्रेरणा प्रदान गर्दछ ।

## ४. प्रगतिवादी चेतनाका दृष्टिले 'सिम्मा' नाटकको विश्लेषण

'सिम्मा' रायनको प्रगतिवादी चेतना भएको गीतिनाटक हो । निरङ्कुश पञ्चायतकालीन राज्य व्यवस्थाको ऐतिहासिक कालखण्डमा संरचित प्रस्तुत नाटक पूर्वी नेपालको पहाडी गाउँको विपन्न वर्गका गरिब किसानहरूको कथा हो । सामन्ती उत्पादनसम्बन्धमा आधारित त्यस गाउँका किसानहरू सामन्त तथा साहु, मुखियाका उत्पीडनको शिकार भएका कारण साम्राज्यवादी उपनिवेशवादी शक्तिले खोलेको ब्रिटिस गोर्खा भर्ती केन्द्रमा भर्ती हुन जानु पर्ने बाध्यात्मक अवस्था र त्यहाँ गएका नेपालीहरूलाई विदेशी शक्तिले गर्ने दुर्व्यवहार अनि गाउँ छाडेर गएपछि आफ्नो परिवारमाथि साहु मुखियाद्वारा गरिने शोषण उत्पीडनका सन्दर्भलाई विभिन्न शीर्षकहरूमा विभक्त गरेर विश्लेषण गरिएको छ ।

### ४.१ 'सिम्मा' नाटकको कथ्य सन्दर्भ

'सिम्मा' रायनको वि.सं. २०३८ सालमा प्रकाशित गीतिनाटक हो । सात दृश्यमा संरचित प्रस्तुत नाटक पञ्चायतकालीन समयको पूर्वी नेपालको पहाडी गाउँको कथा हो । सिमा र डेङसु नाटकका प्रमुख चरित्र हुन् । वनमा घाँस दाउरा गर्न जाँदा कुराकानी हुँदाहुँदै यी दुईबिच माया प्रेम बस्दछ । उनीहरू आफ्नो प्रेमलाई स्थायित्व दिन विवाह गर्दछन् । गरिबी र अभावले रात दिन श्रम गर्दा पनि पेटभरि खान पुग्ने अन्नसमेत नहुनु, बाबुबाजेदेखिको ऋण तिर्न नसक्नुका कारण पैसा कमाएर घरको आर्थिक अवस्था सुधार गर्ने र आफ्नी मायालु पत्नीलाई सुनको हार लगाइदिने सपना बोकेर डेङ्सु ब्रिटिसहरूले भारतमा उपनिवेश कायम गरी राज्य गर्दा खोलेको गोर्खा भर्ती केन्द्रमा भर्ती भएर विदेश जानु, डेङ्सु हिँडेपछि बाबुबाजेले लिएको ऋणलाई मुखियाले व्याजको स्याज गरी चुलिएको अवस्थामा पुर्याएर भएको थोरै घरबारी हड्प्नु, यतिले मात्र नपुगेर अझै ऋण चुक्ता भएको छैन भनी सिम्मालाई मुखियाको घरमा नोकर्नी बस्न बाध्य बनाउनु, रात दिन नभनी काम गर्दा पनि मुखिनीले सिम्मामाथि घोर अत्याचार गर्नु, ८ वर्षसम्म पनि डेङ्सु नफर्किएपछि सिम्मा ज्यादै चिन्तित बन्नु, एक दिन आस्याङ नाम गरेको लाहुरे वैशाखी टेक्दै सिम्मा भएको ठाउँमा आइपुग्नु, सिम्माले गएपछि कहिल्यै गाउँको याद नआउने विदेश कस्तो छ भन्दा विदेशमा लाहुरे भएर जानेहरूले धेरै दुःख, कष्ट बेहोर्नु पर्ने कुरा बताउनु, त्यसपछि सिम्मालाई विदेशप्रति घृणा उत्पन्न हुनु, फेरि केही समयपछि डेङ्सुसँगै लाहुर गएको ठूले गाउँमा आइपुग्नु, सिम्माले डेङ्सुको बारेमा सोध्दा यहाँभन्दा बढी दुःख लाहुरमा भएको कुरा व्यक्त गर्नु, सिम्माले यहाँ आफूमाथि साहुले गरेको शोषण उत्पीडनका सबै यथार्थ बताउनु र जसरी पनि डेङ्सुलाई घर फर्किनु भन्ने खबर लग्दिनु भन्नु, ठुले लाहुर फर्केपछि डेङ्सुलाई सिम्माले भनेको सबै कुरा सुनाउनु, घरको खबर सुनेपछि डेङ्सुले सहन नसकेर दाह्रा किट्नु र उसले सुनचाँदी, तक्मा केही चाहिँदैन भन्नु, आफ्नो स्वार्थका लागि नेपाली ठिटाहरूलाई युद्धमा भिडाएर रगत चुस्ने विदेश आफ्नो नभएको र मुग्लानमा पस्न बाध्य पार्ने रीतिथितिलाई तोड्न, घरबारी खोस्ने सामन्ती शासकको अन्त्य गर्न विदेशमा भएका डेङ्सुलगायत आम्बा, खाम्बा, जोरविरे, ठुले, गोजो सबैले आफ्नै देशमा फर्कने अठोट गर्नु नै नाटकको कथ्य सन्दर्भ हो ।

### ४.२ सामन्ती राज्य व्यवस्थामा नारीका उत्पीडन र पीडाको चित्रण

सामन्तवादी समाजमा नारीका पीडाहरू असह्य हुन्छन् । उनीहरू आफ्ना पीडालाई भाग्य र कर्मसँग जोडेर अभिव्यक्ति गर्दछन् । प्रगतिवादले भाग्य, कर्म, ईश्वर भन्नु नै सामन्तवादले आफूलाई टिकाउनका लागि बुनेका जालो हुन् भन्ने ठान्दछ । यस जालोलाई ग्रामीण भेगका उत्पीडित महिलाहरूले बुझ्न सकेका हुँदैनन् । सामन्तवादले पितृसत्ताको समेत संरक्षण गर्दछ र छोराछोरीबिचको विभेदको खाडल खडा गरी छोरीलाई मात्र काममा दल्ने सामाजिक प्रचलन रहेको पाइन्छ । पञ्चायतकालीन

सामन्ती राज्य व्यवस्थाको कालखण्डमा दुर्गम पहाडी भेगका चेलीहरूको अवस्था त झनै दयनीय रहेको थियो । यहाँ सिम्मा पात्रका माध्यमबाट कथाकारले पूर्वी नेपालको पहाडी ग्रामीण भेकका गरिब चेलीहरूको दुःख पीडालाई गीत मार्फत यसरी व्यक्त गरेका छन् ः

चेलीको जन्म हारेको कर्म
ए माइली फूल फुल्यो पहरैमा
कल्ले पो बुझ्छ मुटुको मर्म
एक सरो बर्को शीतमात्रै छर्ने
छोरीको जातलाई काम मात्रै दल्ने
मुखमा राम राम छुरा खल्तीमा
चेलीलाई मार्ने चलन चल्तीमा
झीरले खोपी मुटु जलाउने
को होला यस्तो चलन चलाउने (प.दृ., पृ. २०९–२१०)

प्रस्तुत गीतांशमा एउटी गरिब चेलीको विलौनामात्र नभएर नारीलाई रुवाउने सामाजिक प्रचलनप्रति विद्रोह र आक्रोशको स्वर समेत अभिव्यक्त भएको पाइन्छ । वर्गीय समाजमा नारी पनि वर्गीय नै हुन्छन् । एकातिर गरिबीका कारण कठ्याङ्ग्रिदो शितमा पनि एकसरो वर्को ओढेर काम गर्नु पर्ने बाध्यता अर्कोतिर पितृसत्तात्मक सामन्ती व्यवस्थाका कारण छोरीले मात्र दलिएर काममा खटिनु पर्ने हुँदा नारीहरू उत्पीडनमा पर्नु परेको सन्दर्भलाई नाटकको प्रस्तुत गीतांशमा व्यक्त गरिएको छ । छोरी चेलीले जन्मेदेखि नै हारेको कर्म लिएर आएका हुन्छन् भनी सामन्ती व्यवस्थाबाट संरक्षण प्राप्त पितृसत्ताको शोषणलाई बुझ्न नसकेर भाग्य, कर्मलाई दोष दिँदै आफ्नो पीडालाई अभिव्यक्त गर्ने क्रममा कथाकारले सिम्मा मार्फत नारीलाई दुःख दिने यो कस्तो चलन हो ? नारीलाई मात्र काममा दल्ने मुखमा राम राम जपेर चेलीलाई मार्न खोज्ने यस्तो चलन चलाउने को होला ? भनी आक्रोश र विरोधको स्वर समेत प्रस्तुत गरेका छन् ।

**४.३ उत्पीडित नेपालीहरू विदेशिन बाध्य परिवेशको चित्रण**

पूर्वी नेपालको दुर्गम पहाडी गाउँका किसानहरू निम्नवर्गीय आर्थिक अवस्थाको प्रतिनिधित्व गर्ने समुदाय हुन् । वनमा दाउरा घाँस गर्दा गर्दै कुराकानी हुँदै जाँदा प्रेममा परेर विवाह गरेका डेङ्सु र सिम्मा अत्यन्त न्यून आय भएको श्रमजीवी वर्ग हुन् । पञ्चायती सामन्ती व्यवस्थामा रात दिन श्रम गरेर पनि पेटभरि खानसमेत नपुग्ने अवस्थामा रहेको यस गाउँका निम्न वर्गीय किसानहरूको अवस्था अत्यन्त दयनिय रहेको थियो । राज्यले रोजगार र सृजना गर्न नसक्नु र श्रमको उचित ज्याला नपाउने कारणबाट युवाशक्ति दिनानुदिन विदेशी भूमिमा रगत बगाउन बाध्य थिए । एक दिन मध्याह्नमा कामबाट फर्कदा खाजा माग्दा सिम्माले पोल्टामा भएको एकमुठी मकै ,भटमास डेङ्सुका हातमा हालिदिन्छ । डेङ्सु मकै खान थाल्दा सिम्मा चुप लागेर बसेको देखेपछि उसले तिमी पनि खाउन भन्दा खाजा त्यतिमात्र हो भने पछि आफ्नी मायालु पत्नीलाई एकमुठी खाजासमेत खान दिन नसक्ने आफ्नो औकात देखेर साह्रै चिन्तित बन्छ । बाबुबाजेदेखि लिएको ऋणको बोझ त उसको टाउकोमा छदै नै थियो । उसले गोर्खा पल्टनमा भर्ती भएर प्रशस्त धन कमाउने र आफ्नी मायालुलाई सुनको हार लाइदिने सपना बोकेर विदेश जाने निर्णय गर्दै सिम्मासमक्ष गीतबाट आफ्नो विचार यसरी अभिव्यक्त गरेको छ :

भर्ती जाउँला कमाइ फर्क्युला सुनचाँदी कम्पनी बोकेर
हेर्न मन छ मायालु तिमीलाई छातीमा हारीले छोपेर (दो.दृ., पृ. २१२)

गाउँमा बसेर कुनै पनि हालतमा घरको आर्थिक व्यवस्था सुधार्न सकिँदैन भन्ने सोचेर विदेश जाने अठोट गरेको पतिलाई सिम्माले सम्झाउँदै गीतबाटै विदेश नजाने दुःख सुख गरी पति पत्नीसँगै बस्ने भावना यसरी व्यक्त गर्दछेः

घर गाउँ वनपाखा मायालु छाडी जाने यो कुरा नगर
फर्की आउँदा ती रहर मरेर गइसक्नेछ यो छाती बगर
काम गरौँला दुवैले मिलेर बिहान रात दिन नभनी
बिर्सिदिउँला सारा ती दुःखलाई सँग हिँड्दा क्यै झैँ नमानी (दो.दृ., पृ. २१२)

**४.४ सामन्ती शोषण र उत्पीडनको चित्रण**

प्रस्तुत 'सिम्मा' नाटक पञ्चायती निरङ्कुशताको सामन्ती सामाजिक कार्यपीठिकामा संरचित नाटक हो । संसारका जुनसुकै समाज पनि वर्गीय हुन्छ । त्यहाँको भाषा, संस्कार, साहित्य, राज्य व्यवस्था सबै वर्गीय हुन्छ । पञ्चायती राज्य व्यवस्था आधारभूत रूपमा सामन्तवादी व्यवस्था भएको कारण यसले गाउँका सामन्त तथा जमिन्दारहरूलाई संरक्षण गर्ने काम गरिरह्यो । त्यही संरक्षणलाई प्रयोग गर्दै गाउँका ठुला ठालु भनाउँदा जमिन्दार तथा सामन्तहरूको आर्थिक शोषण र अन्य उत्पीडनका कारण गाउँका गरिब विपन्न श्रमजीवी किसानहरू विदेशिन बाध्य भए । कोही लाहुर गए र अहिले पनि जाँदैछन् । कोई बसाई सर्दैछन् । साहु मुखियाले व्याजको स्याजमा जिन्दगीमा सन्तान दरदसन्तानले तिर्न नसक्ने गरी ऋण चुल्याएर तमसुक बनाउँदछन् त्यसपछाडि ती घर परिवारका मानिसलाई दास बनाएर राख्छन् । यो आर्थिक कारणबाट उत्पन्न भएको वर्गीय शोषण हो ।

प्रस्तुत नाटकमा पूर्वी नेपालको गाउँमा रहेका विपन्न वर्गका किसान परिवारको कथाव्यथालाई प्रस्तुत गरिएको छ । नाटकको प्रमुख पात्र डेङ्सु ब्रिटिस गोर्खा पल्टनमा भर्ती भएर विदेश गएपछि उसकी पत्नी सिम्मा माथि मुखिया साहु र मुखिनी साहुनीले गरेको शोषण उत्पीडनलाई नाटकमा गीतका माध्यमबाट यसरी व्यक्त गरिएको छ ः

मुखिनी साहुनी

तेरा बाउको सम्पत्ति छ कि यहाँ बसी बसी खानलाई
किन आलेटाले गरिरहन्छेस् नक्कचरी खेत बारीमा जानलाई
ऐले देखन् त हैन त्यो जुठो भाँडा समाई बसेकी त्यहाँ
काम गरी खाने मन छैन भने तलाई गैजा त नबस् यहाँ
को पाल्छ लौ भन् को पाल्छ तलाई खोपीमा सजाई
राख्न ल्याकी छस् कि त यहाँ बसी बसी खान तेरा बाबुको कमाई
सिम्मा सहन नसकेर ठुली मुखिनी, ठुली मुखिनी
मुखिनी साहुनी अझ रिसले मुर्मुरिएर च्याठिन्छे ।
अझ बढ्दा कराउँछेस् बजिनी मुख च्याती माग्लास् ऐले ।
सवाल जवाफ गर्छेस् भने मसँग घोक्र्याई माग्लास्
तीन पुस्तादेखि थिचेको रुपियाँ साउँ त कता हो कता ऐले
व्याजको स्याजसम्म पनि बुझाउने होइन केही अलिकता
तेरो बाबुबाजे सासू ससुरा बुझिस् के यही घरमा काम
गरी हुर्की बढे अनि मरे बुझिस् हाम्रो घरमा

(सिम्मा सुन्न नसकेर कान थुनी डोको नाम्लो च्यापी हतारिएर निस्कन्छे) ( पाँ. दृ.२१८\ २१९) ।

प्रस्तुत गीतांशमा उल्लेख भएअनुसार सिम्माको पति डेङ्सु साम्राज्यवादी उपनिवेसवादी शक्तिले खोलेको ब्रिटिस गोर्खा भर्ती केन्द्रमा भर्ती भएर विदेश लाहुर गएपछि उसको बाजु बाजेदेखि लिएको ऋणलाई साहुले व्याजको स्याज गरी ऋण बढाएर भएको सानो घरबार पनि हडपेको छ । त्यतिले मात्र नपुगेर अझै ऋण कट्टा भएन भनेर सिम्मालाई आफ्नो घरको नोकर्नी बन्न बाध्य बनाएको छ । सिम्माले रात दिन नभनी जुठा भाँडादेखि खेतबारीका सारा काम गर्दा पनि उसको श्रमको कदर गर्नुको साटो मुखिनीले देख्न सक्दिन । सिम्माको गरिबीको फाइदा उठाएर काम गरी खान मन छैन भने यहाँ नबस् बैठकको खोपीमा सजाएर तलाई पाल्नलाई तेरो बाबुको कमाई ल्याएकी छस् भन्दै अत्यन्तै अमानवीय रूपले चर्को गाली गर्दछे । मुखिनीको दुर्वचन खप्न नसकेर सिम्माले ठुली मुखिनी भन्दा मुखिनीले अझ बढ्दा कराउँछेस् बजिनी मुख च्याती माग्लिस् ऐले भन्दै घोक्र्याएर निकाल्ने धम्कीसमेत दिन्छे । बाबु, बाजे, बराजु गरी तिन पुस्ता अघि लिएको ऋण साहुँसमेत तिर्न नसक्ने अझ उल्टै कराउने भन्दै सिम्माका सासु, ससुरा र उनका बाबु बराजुसमेत जिम्वालकै घरमा काम गर्दा गर्दै मरेको कुरा खुलासा गर्दछे । मुखिनी साहुनीले गरेको अति नै घिन लाग्दो गाली, वेइजती खप्न नसकेर कान थुनी डोको नाम्लो च्यापेर हतारिँदै हिँडेकी सिम्माले बिगतलाई सम्झँदै आफूमाथि गरिएको सामन्ती उत्पीडन र पीडालाई यसरी व्यक्त गरेकी छ :

हप्ता दिन मैना नि, वर्ष दिन हैन गनेर लैजाँदा
सात वर्ष पुगी नी आठ वर्ष लाग्यो गुनेर ल्याउँदा
तीन पुस्ता अघि नि लिएको रिन कहिल्यै घटेन
खेत खेतबारी लग्या नि घर पनि लग्यो तर रिन घटेन
तिनले छाडेको सम्झना रूपलाई दस मैना पेटमा
बोकेर हुकाई नि काखमा ल्याएँ त्यै वर्ष जेठमा
न खानु पाएँ नि न लाउनु पाएँ सुत्केरी बेलामा
बोकेर पुग्थे चिचिला मुटु साहुको मेलामा ( पाँ. दृ.२२०)।

पञ्चायतकालीन सामन्ती राज्य व्यवस्टामा पूर्वी नेपालको पहाडी भेगका किसानहरूको आर्थिक अवस्था ज्यादै कमजोर भएको कारण उनीहरूलाई हातमुख जोर्न समेत धौ धौ पर्ने अवस्था रहेको थियो । यसले गर्दा त्यहाँका निम्न आय भएका गरिब किसानहरूले त्यहाँका साहु मुखियासँग ऋण लिन बाध्य हुनु पर्ने अवस्था रहेको कारणले गर्दा घरको आर्थिक अवस्था सुधार्न भनी सिम्माको पति डेङ्सु लाहुर हिँडेको तर ८ वर्षसम्म पनि घर नफर्केको र साहुले थोरै ऋणलाई व्याजको स्याज थपी घरबार हडपेर उसको घरमा नोकर्नीका रूपमा राखेको मात्र नभएर पतिको निशानीको रूपमा रहेको बच्चा गर्भमा रहँदा र सुत्केरी हुँदासम्म पनि पेटभरि खान, एकसरो गतिलो लाउनसमेत नदिएको अनि सुत्केरी अवस्थामा समेत चिचिलो बच्चा बोकेर आँसुका घुट्का पिउँदै साहुका मेलामा जानुपरेको वस्तुगत यथार्थलाई नाटकमा प्रस्तुत गरिएको छ।

**४.५ गाउँका सामान्तहरूबाट सार्वजनिक सम्पत्तिको दुरुपयोग**

राज्य सत्ताको पहुँचमा रहेका सामन्त तथा जमिन्दारहरूले स्थानीय गरिब जनताहरूलाई जतिसुकै शोषण र उत्पीडनमा पारे पनि, घरबारै हडपेर उठिबास लाए पनि गरिबहरूका पक्षमा बोलिदिने कोही हुँदैनन् । बरु राज्यसत्ताको उपल्लो तहमा रहेकाहरूसँग घाँटी जोडेर स्थानीय तहका गरिबहरू माथि शोषण गरिरहेका हुन्छन् । त्यतिले मात्र नपुगेर राज्यका सार्वजनिक सम्पत्त समेत आफ्ना नाममा गरेर ब्रह्मलुट गरिरहेका हुन्छन् । डेङ्सुसँगै लाहुर गएको ठुले केही दिनका लागि गाउँ घर आएर फेरि लाहुर फर्केपछि साथीहरूसँग गाउँघरको खबर सुनाउने क्रममा सार्वजनिक पाटी पौवा र चौतारा जिम्वाल र प्रधानपञ्चले मिलेर आफ्नो नाममा बनाएको कुरा यसरी व्यक्त गरेको छ :

घाँस र दाउरा गर्ने त्यो रानीवन प्रधानको भएछ
गाई भैँसी चर्ने गौचरन पनि जिम्वालको भएछ
पाटी र पौवा चौतारा समेत मुख्याको भएछ
अब त गाउँमा प्राण धान्न पनि कठिन भएछ (सातौँ दृ., पृ. २२९)

**४.६ उपनिवेसवादी साम्राज्यवादी ज्यादतीप्रति घृणा**

प्रगतिवादी स्रष्टाहरूले जहिले पनि उपनिवेशवाद, विस्तारवाद र साम्राज्यवादप्रति घृणा गर्छन् र त्यसका विरुद्ध आवाज उठाएर साहित्यिक कृतिको रचना गर्छन् । प्रस्तुत नाटकमा पनि रायनले भारतलाई उपनिवेश बनाएर राज्य गरेका बेला अङ्ग्रेजहरूले आफ्ना स्वार्थका लागि खोलेको गोर्खा भर्ती केन्द्रमा भर्ती भएका नेपालीहरूमाथि गरेको ज्यादतीलाई प्रस्तुत गरी साम्राज्यवादी उपनिवेशवादी नीतिप्रति घृणा भाव व्यक्त गरेका छन् ।

सिम्मा लाहुर गएको ८ वर्षसम्म पनि डेङ्सु घर नफर्केको र जिम्वाल जिम्वालनीको ज्यादतीबाट पीडित भएर विरक्त भई रुँदारुँदै चौतारिमा बसेकी हुन्छे । विदेशमा भएको युद्धमा खुट्टा गुमाएको हुँदा वैशाखी टेकेर हिँड्न बाध्य भु.पु. सैनिक हिँड्दै सिम्मातिर आइरहेको हुन्छ । रुँदारुँदै थाकेर पल्टेकी सिम्मालाई देखेर उसले बोलाउँछ । आस्याङलाई देखेपछि सिम्माले लाहुरे हो, उसलाई लाहुरका बारे पक्का पनि थाहा छ भन्ने ठानेर सिम्मा भन्दछे :

सिम्मा

लौन नि लौन बताइदेऊ आस्याङ त्यो विदेश कस्तो छ ?
के त्यहाँ साच्चै नै दुःख नभाको स्वर्ग नै जस्तो छ ?

आस्याङ, के साँच्चै स्वर्गै छ ? ( पाँ. दृ. २२१) ।

आस्याङ

गाउँ घरमा बसने एक पेट खाई बाँच्ने व्यवस्था नहुँदा
कोई मर्छन् उतै कोई फिर्छन रुँदै मुग्लानमा पस्दा
सिम्मा कोई हुन्छन् बेपत्ता
खान देऊ भन्ने लाउन देऊ भन्ने गरिब रैतिलाई
घर भत्काइ दिने बास जलाई दिने फौजि र हात्तीलाई
यै जन्मी हुर्क्यौं यै मर्छौं भन्ने ती निर्धन जत्तीलाई
गोलीले भुट्न लगाउने रैछ नेपाली जातीलाई
सिम्मा नेपाली जातीलाई (पा. दृ. २२२) ।

गिर्नेट गोला मोटरै गोला बर्सिंदा बम गोला
अब त ढल्यो लौ बिति हाल्यो हुन्छ यो राम चोला
दुस्मनको घेरा गोलीका पर्रा त्यो घडी सम्झदा
के सुख हुन्थ्यो आफै र जस्तो मान्छेलाई मार्दा
सिम्मा लडाई लड्दा
लाहुर जानु दस हन्डर खानु के जानु लाहुर
फर्किनुपर्छ अङ्ग भङ्ग यसरी सिद्धयाई पाउर
सिम्मा रित्याई पाउर (पृ. २२२) ।

संसारका जुनसुकै समाज पनि वर्गीय हुन्छ र राज्य पनि वर्गीय हुन्छ । वर्ग विभक्त समाजका उपल्लो वर्ग ठान्ने सामन्त तथा पूँजीपति वर्गले तल्लो वर्गका दुःखी गरिबमाथि शोषण गरिरहेका हुन्छन् । पूँजीवादी साम्राज्यवादी शक्तिहरूले साना राष्ट्रमाथि गरिने रवैयाका कारण साना राष्ट्रहरू र त्यहाँका जनता सुखी हुन सक्दैनन् । आफ्नो सत्ता टिकाउनका लागि सामन्ती राज्य व्यवस्था भएका साना राष्ट्रहरूका शासकहरूले साम्राज्यवादी शक्तिहरूसँग हात मिलाउन पुग्दछन् । देशमा सामन्ती उत्पीडन कम गरी रोजगार वृद्धि गरेर युवाहरूलाई काममा लगाउनु सट्टा साम्राज्यवादी पूँजीवादी राष्ट्रहरूको स्वार्थका लागि विदेश जान बाध्य बनाउँछन् । अनि साम्राज्यवादी देशहरूले गरिब नेपालीहरूलाई पैसाको लोभ देखाएर आफ्नो भूमिमा लगेर वर्गीय स्वार्थका लागि प्रयोग गरेर युद्धमा होम्ने गर्दछन् । त्यहाँ पनि नेपालमा जस्तै निर्धन गरिबहरू छन् । पूँजीवादी शासकहरूले ती निधर्नहरूका घर भत्काइदिएर, बास जलाइदिएर गर्नुसम्म अत्याचार गर्दछन् अनि युद्धमा होमिएका नेपालीहरूलाई नेपाल जस्तै सानो राष्ट्रका गरिबहरू माथि गोली हान्न लगाउँछन् । पैसा कमाउने लोभमा नेपालीहरूले विदेशी भूमिमा रगत बगाउनु पर्ने, अङ्ग भङ्ग भएर बाँच्नु पर्ने यातना खप्नुपर्ने, मृत्यु वरण गर्नु पर्ने अवस्थाको चित्रण गर्दै नाटककारले साम्राज्यवादीहरूप्रति घृणा भाव व्यक्त गरेका छन् । त्यतिमात्र नभएर हामी जोसँग लड्छौँ ती हाम्रा दुश्मन होइनन् भन्ने भाव नाटकमा यसरी व्यक्त गरिएको छ :

आस्याङ

जोसँग लड्छौँ विदेशमा हाम्रा ती दुश्मन थिएनन्
जहाँ हामी लड्छौँ त्यो जमिन पनि नेपालको थिएन
अङ्ग्रेजी सापको भारती सापको खाएर भनाइ
के पायौँ खोई आफ्नो जहानलाई विधवा बनाई
सिम्मा टुहुरा बनाई
दुस्मन त हाम्रो विदेशमा हैन यही नै रहेछ
लड्नु त हाम्ले विदशेमा हैन यही नै रहेछ

सिम्मा यही नै रहेछ (पाँ.दू., पृ. २२३)

सुखद भविष्यको आसमा लाहुरे भएका नेपालीहरूले विदेशी भूमिमा बसेर जोसँग युद्ध गरिरहेका छन् तिनीहरू कोही पनि उनीहरूको दुस्मन होइनन् । जुन भूमि पाउनका लागि नेपालीहरू ज्यानलाई हत्केलामा राखेर लडिरहेका छन् न त्यो भूमि नै आफ्नो हो । विस्तारवादी र साम्राज्यवादीहरूका स्वार्थका लागि उनीहरूको भनाइ खाएर आफूजस्तै गरिबलाई मार्न रगत बगाउँदा कि त अङ्ग भङ्ग हुनु पर्ने कि त आफ्नी जहानलाई विधवा र छोराछोरीलाई टुहुरा बनाएर मृत्यु वरण गर्नु पर्ने अवस्था रहेको यथार्थ अभिव्यक्ति प्रस्तुत गीतांशबाट व्यक्त भएको छ ।

आस्याङको कुरा सुनेपछि सिम्माको विदेशप्रति घृणा तीव्र भएर आउँछ । घरको आँगनमा पुगेर गुनगुनाउँदै गर्दा उसका मुखबाट निस्किएको स्वर यस्तो छ ;

हत्केलामाथि मुटुलाई राखी आँसुलाई रोकेर
होमिन्छौ किन व्यर्थै रनमा बुट जुत्ता ठोकेर
अर्काकै निम्ति ज्यूज्यान दिई लड्छौ र मर्दछौ
आफै र जस्तो गरिबहरू मार्दा गुमान गर्दछौ
मरेर गए मुग्लानमा कति बेहिसाव बेगिन्ति
फर्केर आऊ छ मेरो तिम्लाई दस लाख दस विन्ती
जहाँ गर पनि लड्नु छ भने देशैमा लडन
गरिबका आङमा न्यानो घाम ल्याउन अगाडि बढन
अङ्ग्रेजी पल्टन भारती पल्टनको सिपाही दलाल
गरी चाकरी नेपाली इज्जत विदेशमा नफाल
अङ्ग्रेजी जात भारती लात सहेर छातीमा
बेइज्जतको कालो टीका नलाइ देऊ नेपाली जातिमा (पाँ.दू., पृ. २२३–२२४)

लेखकले भारती विस्तारवाद र अङ्ग्रेजी साम्राज्यवादीहरूको लात र बात सहेर आफूजस्तै गरिबलाई मार्न युद्धमा होमिएका नेपालीहरूलाई सिम्मामार्फत आफ्नै देशमा फर्कन आह्वान गरेका छन् । उनले लड्नु नै छ भने आफ्नै देशका गरिबहरूको जीवनमा सुख ल्याउन देशकै सामन्ती शोषणका विरुद्ध लड तर भारती र अङ्ग्रेजी पल्टनको दलाली बनेर चाकरी गरी नेपालीहरूको इज्जत फालेर बेइज्जतको कालो टीका लगाउने काम नगर भनी प्रत्येक नेपालीहरूको राष्ट्रिय गौरव र स्वाभिमानलाई वर्करार राख्ने काम गर्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

छैठौँ दृश्यमा डेङ्सुसँग पल्टनमा भर्ती हुन गएको ठुले सिम्माको घर आइपुग्छ । ठुलेलाई देखेर सिम्माले डेङ्सुको हालखबर के छ भनी सोध्छे । ठुलेले यहाँभन्दा पनि बढी दुःख पल्टनमा छ भन्ने खबर बताउँछ । लाहुर फर्कन लागेको ठुलेलाई सिम्माले डेङ्सु गएपछि आफूमाथि साहुले गरेका शोषण र उत्पीडनका सारा वृतान्त सबै बताउँछे र आफ्नो पतिलाई जसरी भए पनि घर फर्किने समाचार सुनाइदिन गीतबाट यसरी व्यक्त गरेकी छ :

लाहुर जाने खसमलाई मेरो यो सम्चार सुनाइदेऊ
छाउनीमा छन् कि खानीमा छन् ती र घर फर्क भनिदेऊ
गाई र भैँसी हाडा र भाँडा व्याज भन्दै लगि गो
घरबार खेत साहु माजन मिली आ–आफ्नो बनाइ गो
अति भो थिचाइ अति भो मिचाइ कतिन्जेल बस्ने
अत्याचार सहेर
यी दुष्ट ठालुसँग लड्न घर फर्क भनिदेऊ
ओ गोरखाली ओ बहादुर कान्छा भनाइ खाइ हेप्पेर
भोकै र नाङ्गै अनिदो हुँदै दुःख खेपेर

के हेरी बस्छौ के ......... बस्छौ विदेशमा ........

हुल बाँधी फर्क आफ्नो हक लिन जोस बोकी ...... (छै.दृ., पृ. २२६)

अनेक दुःख र हन्डरसँग जुझ्दै जाँदा वस्तुगत परिस्थितिले सिम्मामा पनि प्रगतिवादी चेतनाको विकास हुँदै गएको छ। ८ वर्ष अघि चेलीको जन्म हारेको कर्म (पृ. २०९) भन्ने सिम्मा अहिले आएर सामन्तहरूको शोषण र उत्पीडनका कारणबाट गरिबहरूले दुःख पाउनुपरेको हो त्यसैले यी दुष्ट ठालुसँग लडेर आफ्नो हक लिनुपर्छ भन्ने उद्घोषका साथ लाहुर गएको पतिलाई घर फर्कन आह्वान गरेकी छे। उसले विदेशमा गएर युद्धमा रगत बगाइरहेका नेपालीहरू र खानी तथा अन्य क्षेत्रमा रात दिन भोको, नाङ्गो र अनिदो भएर श्रममा खटिएका नेपालीहरूले ओ गोर्खाली, ओ बहादुर कान्छा भनेर हेपिएर बस्नु भन्दा आफ्नै देशमा फर्केर सामन्ती शोषणका विरुद्ध लडी आफ्नो हक लिनका लागि सबै नेपाली लाहरेहरू एकजुट भएर नेपाल फर्क भन्ने सन्देश सुनाइदिन ठुलेलाई आग्रह गरेकी छ। यसरी नाटककारले आफ्नो नाटकमा निम्नवर्गीय पात्र सिम्माका मार्फत सामन्ती उत्पीडनको अन्त्यका लागि देश, विदेशमा रहेका सबै नेपालीहरू एकजुट भएर सङ्गठित हुनु पर्ने विचार व्यक्त गरेका छन्।

नाटकको अन्तिम दृश्यमा मान्छे भएर मान्छेलाई मार्ने साम्राज्यवादी नीतिप्रति घृणा व्यक्त गर्दै उनीहरूले मान्छे मारेवापत दिएको सुन, चाँदी, तक्मा र विदेशी बनाउने बिलासिताको सामान नचाहिने घोषणा यसरी गरेका छन् :

डेङ्सु : चाहिएन मलाई यो सुन चाँदी यो काँचो कम्पनी

गोर्जा : चाहिएन मलाई मान्छेलाई मार्दा दिने त्यो तक्मा नि

गाम्बा : चाहिएन मलाई रेडुई बाजा बुट जुत्ता पनि केही

चाहिएन मलाई विदेशी पार्ने ती पीडा केही (सातौँ दृ., पृ. २३२)

यसरी पैसा कमाउन विदेश गएका लाहुरेहरूमा साम्राज्यवादी विस्तारवादी शक्तिप्रति घृणा जाग्दै गएको र गरिवहरूलाई मारेर दिएको कुनै पनि कुराको लोभ नभएको स्वाभिमानी विचार व्यक्त गरिएको छ।

**४.७ देशभक्तिको गौरवपूर्ण अभिव्यक्ति**

प्रगतिवादी स्रष्टाहरू आफ्नो देशप्रति सधै चिन्तित हुन्छन्। प्रस्तुत नाटकमा नाटककार रायनले विदेश जाने नेपालीहरूको आफ्नो गाउँ घरको माया र देशभक्तिको भावनालाई प्रस्तुत गरेका छन्। सातौँ दृश्यमा घर आएको ठुले लाहुर फर्केपछि गाउँ घरका यावत् वृत्तान्त सुनाएको छ। उसले सिम्मामाथि भएका शोषणका यावत् समाचार डेङ्सुलाई सुनाउँछ त्यतिमात्र नभएर घर गाउँमा घाँस दाउरा गर्ने रानीवन, गाई भैँसी चर्ने गौचरन, पाटी र पौवा सबै प्रधान, जिम्वाल र मुख्या मिलेर आफ्नो बनाएको समाचारसमेत सुनाउँछ। गाउँमा पनि विस्तारै जन चेतना आउन थालेको र सामन्ती उत्पीडन कत्ति सहने भनेर देशका जनताहरू पनि जुर्मुराउन थालेको कुरा व्यक्त गर्दछ। ठुलेको कुरा सुनेपछि डेङ्सुलगायत सबै नेपालीहरू पीडाले आफ्नो एक हातलाई मुठी बनाई अर्को हातले हत्केलामा हिर्काउँछन्।

नाटककारले ठुलेमार्फत आफ्नै गाउँघर र देशका निम्ति स्वदेश फर्कने र आफ्नो जीवन गाउँलेकै नाउमा सुम्पने अठोट यसरी गरेका छन् :

ठुले

घरको माया देशको माया छ भने सबैलाई
बाचा हालेर छाडेर फर्कौं यो विदेश सधैँलाई
भएन भाइ हो ठ्याम्मै विदेशमा बसेर
फर्कनुपर्यो लौ आफ्नै देशमा कम्मर कसेर
फर्कने निधो गरेर आको मैले त गाउँमा
फर्केर म त सुम्पिन्छु ज्यानलाई गाउँलेको नाममा
पक्कै गाउँलेको नाममा (सातौँ दृ. पृ. २३०)

गाउँघरमा भएको सामन्ती शोषण उत्पीडन र सत्ताको आडमा गरिब गाउँलेको घरबार मात्र नभएर राष्ट्रिय सम्पत्तिसमेत हडप्नेहरूप्रति आक्रोश व्यक्त गर्दै नाटककारले विदेशी सेनामा भर्ती भएको निम्नवर्गीय पात्र ठुलेमार्फत विदेशी पल्टनमा रहेका

नेपालीहरूलाई देशभक्तिको गौरवपूर्ण पाठ पढाएर सबैको दिमागलाई परिवर्तन गराउने प्रयत्न गरेका छन् । ठुलेले स्वदेशमा फर्केर गाउँलेकै हितमा आफ्नो जीवन अर्पण गर्ने अठोटसमेत गरेको छ । ठुलेको कुरा सुनेपछि डेङ्सु भन्दछ :

यो छातीभित्र मुटुमा रगत छैन भन्ठान्यौ कि ?
यो नेपालीको पीडा छातीलाई विदेशी ठान्यो कि ?
घरको दुःखिलाई चटक्कै हामले विर्सेको ठान्यौ कि ?
जन्मथलोलाई भुलेर बाँच्ने बैगुनी ठान्यौ कि ?
होला कि भनी मुग्लानमा पस्नु हाम्रो ठुलो भुल भएछ (सातौँ दृ., पृ. २३१)

सुखको आसमा केही पाइएलाकी भनी विदेश आएको भए पनि आफूले न त घर परिवारको दुःखलाई नै बिर्सेको छ न त जन्मभूमिको मायालाई बिर्सेर वैगुनी भइएको छ । यो नेपाली छोरोको छातीभित्र नेपालीकै रगत बगेको र आफ्नो घर परिवार र आफ्नो जन्मभूमिप्रति त्यत्तिकै माया भएको बताएको छ ।  केही पाउने आसमा मुग्लान पस्नु ठुलो भुल भएको भाव माथि उल्लिखित गीतांशबाट प्रष्ट हुन्छ । नाटकको अन्त्यमा ब्रिटिस लाहुरमा गएका नेपालीहरूप्रति साम्राज्यवादी शक्तिहरूले गरेको दुव्र्यवहार र त्यहाँ पाएका दुःख कष्टबाट एकातिर विदेश आफ्नो होइन रहेछ भन्ने भावना जागृत भएको छ भने अर्कोतिर ठुलेमार्फत गाउँघरको मुखिया, जिम्वाल र प्रधानले गरेको कर्तुत र डेङ्सु र सिम्माको घरबार खोसेर घरमा नोकर्नी बनाई अत्याचार गरेको खबरले उनीहरूमा विदेश आएकोमा पछुतो भएको छ । त्यसैले उनीहरूले ठुलेमार्फत गाउँमा पनि जनचेतनाको लहर फैलदै गएको र सामन्ती व्यवस्थाका विरुद्ध उत्पीडित जनताहरू उठ्न थालेका खबर सुनाएपछि उनीहरूमा पनि देशभक्तिको भावना जागृत भएको देखिन्छ ।

**४.८ राष्ट्रिय स्वाधीनता र सामन्ती उत्पीडनका विरुद्ध सङ्गठित भई**

जीवनलाई परिवर्तन गर्नुपर्ने अभिव्यक्ति

प्रगतिवादी साहित्यले सधै संसार परिवर्तनशील र गतिशील ठान्दछ । सामन्ती तथा पूँजीवादी उत्पीडनका विरुद्ध एकजुट भएर सङ्गठित हुन सकेमा मात्र विद्यमान रीतिथिति तथा समाजको विभेदपूर्ण अवस्थालाई परिवर्तन गर्न सकिन्छ भन्ने प्रगतिवादी विचारलाई नाटककारले निम्नवर्गीय पात्रका माध्यमबाट यसरी प्रस्तुत गरेका छन् :

ठुले : मुग्लानमा पस्ने अवस्था पार्ने त्यो थितिरीतिलाई
घरबारी खोस्ने गरिबलाई चुस्ने त्यो कालो नीतिलाई
डेङ्सु : यो घडीसम्मन दुःखलाई खेपी बाँच्ने सब दाजुभाइ
डेङ्सु र गोर्जा : दुःखमा तिम्लाई छाडेर हिँड्यौँ माफ गर्दयौ हामीलाई
डेङ्सु र खाम्बे : हुँदैन अब अकेला गाउँमा हामी छौँ साथमा
डेङ्सु र जयवीरे : आँधी भई आउँछौँ बेरी भई आउँछौँ जोस बोकी साथमा जोस बोकी साथमा
डेङ्सु : के सोच्यौ भाइ हो ? के गुन्यौ भाइ हो ? उठौँ लौ कसम खाई
समूह : कम्मर कसी लौ फर्कौं भाइ हो छाडेर विदेशलाई (सातौँ दृ., पृ. २३२–२३३)

देशमा धनी र गरिबको विभेद हुनु, पैसा कमाएर आर्थिक अवस्था सुधार्नका लागि विदेश जान बाध्य हुनु, गाउँका सामन्तहरूले थोरै ऋणलाई व्याजको स्याज गरी ऋण चुल्याएर घरबार हडप्नु, देशको सार्वजनिक सम्पत्ति गाउँका सामन्त तथा जिम्वाल र प्रधानपञ्चको हुनु सबै सामन्ती राज्य व्यवस्थाका परिपाटी हुन् , त्यसैले साम्राज्यवादीहरूले खडा गरेको गोरखा पल्टनमा भर्ती भएर मान्छे भई आफूजस्तै गरिब मान्छेलाई मार्नु पर्ने युद्धमा  लड्न गएका सम्पूर्ण विदेशमा भएका सबै नेपालीहरू स्वदेश फर्किएर गाउँघरका शोषित उत्पीडितहरूलाई साथ दिनका लागि र घरबारी खोसेर विदेश जान बाध्य पार्ने सामन्तका विरुद्ध लड्न स्वदेश फर्कौं भन्ने भाव व्यक्त भएको छ ।  मार्क्सले भनेजस्तै जीवन र जगत्  परिवर्तनशील छ । जीवनको आमूल परिवर्तनका निम्ति विपन्न तथा उत्पीडत वर्गका सबै जनताहरू एकजुट भई सामन्ती राज्य व्यवस्था र त्यसबाट संरक्षित सामन्त तथा शोषक वर्गलाई जरैदेख उखेलेर फाल्नका लागि वर्ग सङ्घर्ष गर्नुपर्ने प्रगतिवादी चेतना प्रस्तुत भएको छ ।

## ५. निष्कर्ष

भक्तबहादुर श्रेष्ठ रायनद्वारा लिखित 'सिम्मा' प्रगतिवादी चेतना भएको नाटक हो । पञ्चायतकालीन सामन्तवादी राज्य व्यवस्थाका कार्यपीठिकामा संरचित प्रस्तुत नाटकमा पूर्वी पहाडको पहाडी गाउँका श्रमजीवी वर्गका गाउँलेहरूका समस्यालाई मार्क्सवादी विश्वदृष्टिकोणबाट पर्गेलेर समस्याको समाधान गरिएको छ । सामन्त वर्ग र विपन्न तथा उत्पीडित श्रमिक (किसान) वर्गसँगको उत्पादन सम्बन्ध र उत्पादनका साधनद्वारा निर्मित आर्थिक ढाँचा भएको सामन्ती शोषणमूलक सामाजिक व्यवस्थाका कारण अधिकांश विपन्न किसान तथा श्रमिक वर्गहरू अभावपूर्ण जीवन बिताउनु परेको अवस्था रहेको छ । गरिबी र अभावकै कारण जीवन धान्नका लागि साहुसँग ऋण लिनु पर्ने बाध्यता र थोरै ऋणलाई व्याजको स्याज गरी चुल्याएर सन्तान दरसन्तानलाई घरको नोकर बनाएर काममा दलाउने, साहुको ऋण तिर्न र घरको आर्थिक अवस्था सुधार गर्न गाउँका अधिकांश युवाहरू विदेशिन बाध्य हुनु पर्ने अवस्थाको चित्रण नाटकमा गरिएको छ । घरमूली विदेश गएपछि धेरै ऋण देखाएर घरबार हडप्ने र जहान परिवारलाई काममा जोत्ने परिपाटी रहेको पाइन्छ । सामन्ती व्यवस्थाले गाउँलेहरूलाई शोषण गर्ने गाउँका मुखिया, जिम्वाल तथा प्रधानपञ्चहरूलाई कार्वाही गर्नुको सट्टा उनीहरूलाई संरक्षण दिने हुनाले उनीहरूको शोषण उत्पीडन दिनानुदिन बढ्दै जाने र दुःखी गरिब जनता झन झन पीडामा पर्दै जाने वस्तुगत यथार्थलाई कथामा प्रस्तुत गरिएको छ ।

सामन्ती राज्य व्यवस्थाले गरिब जनताहरूलाई शिक्षा, रोजगारी दिएर देशमै काम गर्ने वातावरण बनाउनुको सट्टा साम्राज्यवादी शक्तिहरूलाई फाइदा हुने गरी विदेशी पल्टनमा भर्ती हुने तथा कान्छा र बहादुर भएर विदेशमा काम गर्न जानु पर्ने अवस्था सृजना गर्दछ । नाटककारले संसारमै गरिब र धनी अर्थात् शोषक र शोषित दुई वर्ग हुन्छन् र राष्ट्र पनि धनी र गरिब गरी वर्गीय हुन्छ त्यसैले धनीले गरिबलाई, ठुला राष्ट्रले साना राष्ट्रका जनतालाई शोषण गरिरहेका हुन्छन् र सामन्तवादी व्यवस्थाका शासकहरूले आफ्नो सत्ता टिकाउनका लागि साम्राज्यवादी शक्तिहरूकै हितमा काम गरिरहेका हुन्छन् । त्यसैले मान्छे भएर आफूजस्तै गरिबहरूलाई मारेर धन कमाउनुभन्दा आफ्नै देशमा फर्केर उत्पीडित जनताहरूलाई सङ्गठित गरी वर्ग सङ्घर्षद्वारा सामन्ती राज्य व्यवस्था र त्यसद्वारा संरक्षित सामन्तहरूलाई जरैदेखि उखेलेर फाल्न सकेमा मात्र सामन्ती समाजलाई परिवर्तन गर्न सकिन्छ भन्ने प्रगतिवादी चेतना प्रकट गरिएको छ । यसरी उत्पीडित श्रमिक वर्गको नेतृत्वमा भएको सङ्घर्षबाट जीवन र जगत्लाई परिवर्तन गर्न सकिन्छ भन्ने मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणबाट लेखिएको प्रस्तुत नाटक प्रगतिवादी चेतना भएको नाटक हो भन्ने कुरा पुष्टि हुन्छ ।

**सन्दर्भ सामग्री**


चापागाईं, निनु (२०७१). 'प्रगतिवादी साहित्य र यसका विशेषता' *सैद्धान्तिक नेपाली समालोचना* (सम्पा. राजेन्द्र सुवेदी). काठमाडौँ ; जुगल पब्लिकेशन पृ.१४८ ।

जोशी, कुमारबहादुर (२०५७). *पाश्चात्य साहित्यका प्रमुखवाद*. (चौ.संस्क.). ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७८). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*. (दो.संस्क.). ललितपुर : साझा प्रकाशन, पृ. १७१ ।

बोगटी, रामबहादुर (२०६०). 'समाजपरक समालोचना'. *कुञ्जिनी*. वर्ष ११, अङ्क ८, पृ. १९५ ।

मिश्र, शिवकुमार (२०७६). 'मार्क्सवादी कला चिन्तन र साहित्य समीक्षाको विकास'. *मार्क्सवादी साहित्य चिन्तन* (सम्पा. निनु चापागाई, दो.संस्क.) ललितपुर : साझा प्रकाशन, पृ. १५४ ।

रायन (२०७८). 'सिम्मा'. *आधुनिक नेपाली नाटक*. (भाग २ , सम्पा. व्रतराज आचार्य). ललितपुर : साझा प्रकाशन पृ. २०८ ।